नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
NAWAKANTIPUR
Saving and Credit Co-operative Society Ltd.

# नवकान्तिपुर SCT डेबिट कार्ड आवेदन फारम

(कृपया आवेदन फारमको सम्पूर्ण खाली ठाउँ स्पष्ट रुपमा भर्नुहोस)

..........................................शाखा

| | |
|---|---|
| मिति | / / |
| दर्ता नं. | |

आवेदकको फोटो

म/हामी तल उल्लेखित व्यक्तिको नाममा डेबिट कार्ड जारी गर्न नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.लाई अनुरोध गर्दछु/छौं ।

खाता नं. ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

खाताको प्रकार ☐ बचत ☐ अन्य (उल्लेख गर्नें)____________________________

खातावालाको नाम

ठेगाना

टेलिफोन नं. ☐☐☐☐☐☐☐☐☐☐ मोबाईल नं. ☐☐☐☐☐☐☐☐☐☐

ईमेल आईडी

म तल उल्लेखित व्यक्तिको नाममा पूरक डेबिट कार्ड जारी गर्नका लागि अनुरोध गर्दछु ।

नाम

ठेगाना

टेलिफोन नं. ☐☐☐☐☐☐☐☐☐☐ मोबाईल नं. ☐☐☐☐☐☐☐☐☐☐

प्राथमिक निवेदक सँग नाता ☐ पति/पत्नी ☐ छोरा/छोरी ☐ अभिभावक ☐ अन्य(उल्लेख गर्नें)____________________

म/हामी निशर्त रुपमा नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. लाई डेबिट कार्ड वा पूरक डेबिट कार्ड म/हामीले प्रयोग गरे बापतको रकम, दस्तुर तथा अन्य शुल्क म/हाम्रो खाताबाट असुल उपर गर्न अधिकार प्रदान गर्छु/गर्छौं । म/हाम्रो यो निवेदनमा दिइएका सूचना सत्य र ठीक छन् भन्ने घोषणा गर्दछु/छौं र संस्थालाई उपरोक्त विवरण तथा सूचना चेक जाँच गर्न पूर्ण अधिकार दिन्छु/दिन्छौं ।

______________________

निवेदकको हस्ताक्षर

## कार्यालय प्रयोजनको लागि मात्र

निवेदन प्राप्त मिति ________________ निवेदन र दस्तखत प्रमाणित गर्नेको नाम ______________________ दस्तखत __________

निवेदन स्वीकृत गर्नेको नाम ______________________ दस्तखत ___________ कार्ड सेन्टरमा निवेदन गरेको मिति ___________

कार्ड नं. ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ कार्ड बनाएको मिति ☐☐☐☐☐☐☐☐

# नवकान्तिपुर SCT डेविट कार्ड शर्त तथा बन्देजहरुः

संस्थामा कार्ड रहेका कार्डधारक/कार्ड प्राप्तकर्ताको नवकान्तिपुर SCT डेविट कार्डको संचालनार्थ देहायका शर्त र अवस्थाहरु लागू हुनेछन् ।

१) परिभाषाः

- क) **'एटीएम'** भन्नाले स्वचालित टेलर मेसिनलाई जनाउँनेछ ।
- ख) **'संस्था'** भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. जनाउँनेछ ।
- ग) **'सदस्य'** भन्नाले संस्थाको शेयर सदस्य भई बचत तथा ऋण कारोवार गरेका व्यक्तिलाई जनाउँनेछ ।
- घ) **'कार्ड'** भन्नाले संस्थाले सदस्यलाई जारी गरेको नवकान्तिपुर SCT डेबिट कार्ड तथा पूरक कार्डलाई जनाउँनेछ ।
- ङ) **'पिन'** भन्नाले व्यक्तिगत परिचायक नम्बरलाई जनाउँनेछ ।
- च) **'कार्डधारक'** भन्नाले संस्थाले जारी गरेको कार्ड र पूरक कार्डधनीलाई जनाउँनेछ ।
- छ) **'आधिकारिक'** खाता भन्नाले संस्थाद्वारा कार्ड र पिनको पहुँचको लागि स्विकृत गरिएको खातालाई जनाउँनेछ ।

२) कार्डधारकको संस्थाको कुनै पनि शाखामा खाता हुनु पर्नेछ ।

३) विद्युतीय वा अन्य तरिकाबाट कार्डको प्रयोग गरि गरेको सबै कारोवारहरुको लागी सम्बन्धित (आधिकारिक) खाताबाट डेबिट/खर्च गरिनेछ ।

४) एटिएमबाट भएको कारोबार पुष्टि गर्न खातावालाको डेबिट/खर्च लेख्ने अलगै सही भएको अख्तियार चाहिदैन भन्ने तथ्यमा जे सुकै भएता पनि विद्युतीय वा अन्य तरीकाले निर्मित संस्थाको अभिलेख (रेकर्ड) लाई कारोवारको सत्यता/शुद्धताको निचोडयुक्त प्रमाण मानिनेछ ।

५) सदस्य र संस्था बिच भएको पूर्व सहमती वाहेक सम्बन्धित खाताबाट अधिविकर्षको माध्यमले बढी रकम झिक्ने सकिने छैन । तर यदि कार्ड प्रयोग गरि बढी रकम झिकेमा संस्थाले निर्णय गरेको व्याजदर र अन्य महशुल (शुल्क) र खर्चहरु कार्डधारकलाई लगाइनेछ । संस्थाले मागेको बखत यस्तो अधिविकर्ष रकम (बढी रकम) फिर्ता गर्नु पर्नेछ ।

६) संस्थाले असल नियत र विश्वासले कार्ड जारी गरेको अवस्थामा जारी कार्ड तथा सोको प्रयोगबाट उत्पन्न हुने सम्पूर्ण नोक्सानीहरु, दावीहरु कार्यहरु, प्रकृयागत खर्चहरु, लागत तथा अन्य खर्चहरुको हर्जाना कार्डधारक स्वयमले व्यहोर्ने मञ्जुर गर्नेछ ।

७) कार्डको प्रयोग गरि कार्डधनीले नगद झिक्न सक्ने सीमा तोक्ने अधिकार संस्थामा निहित रहन्छ ।

८) जारी कार्ड संस्थाको सम्पति रहनेछ र कार्डधारकलाई कार्डमा दिएको सेवा अथवा सुविधा संस्थाले कुनै पनि समयमा विना सूचना फिर्ता लिन सक्नेछ । कार्ड संस्थाको सम्पति भएकोले आफ्नो स्वतन्त्र स्वविवेकीय अधिकारमा रही कुनै कारणहरु नदिई संस्थाले कार्ड फिर्ता लिन सक्नेछ वा कार्डबाट भएका सेवाहरु वा त्यस्तो सेवाका कुनै भाग कुनै पनि समयमा पूर्व जानकारी नदिई फिर्ता लिन सक्नेछ । संस्थाले कार्ड फिर्ता गर्न अनुरोध गरेमा सदस्यले कार्ड फिर्ता गर्नु पर्नेछ ।

९) यी अवस्थाहरुमा कार्डको मान्यता समाप्त भई कार्ड फिर्ता लिने हक अधिकार संस्थामा निहित हुनेछ ।

- ➢ खाता बन्द गरेमा
- ➢ कार्डधनीको मृत्यु भएमा
- ➢ संस्थाले जुनसुकै कारणले कार्ड रद्ध गरेमा

१०) कार्डधारकको जवाफदेहीतामा कार्ड र पिन (पि.आइ.एन.) जारी गरिनेछ र यसरी जारी भएको कार्डबाट जो सुकैले गरेको क्षती, नोक्सानी वा अन्य तवरको नोक्सानी जे सुकै भएता पनि संस्थाले वहन गर्ने छैन । यस्तो कार्डको प्रयोगको कारणबाट कुनै नोक्सानीहरु वा क्षतीहरु वा खर्चहरु जे सुकै उत्पन्न भएमा संस्था जिम्मेवार हुने छैन र यस्ता कुनै नोक्सानी र क्षती उपर कार्डधारक द्वारा हर्जाना भराइनेछ ।

११) कार्डधारकले पिन (पि.आइ.एन.)अन्यलाई देखाउने/प्रकट गर्ने छैन । कार्डको प्रयोगद्वारा भएको कुनै वा सवै कारोवारहरुका लागि संस्था प्रति कार्डधारक जिम्मेवार हुनेछ र कार्ड वा पिन (पि.आई.एन.) को अनाधिकृत प्रयोग हुनु भन्दा पूर्व कार्डधारकको अधिकारिक प्रयोग भएको कुरा स्थापित हुन्छ र कार्ड वा पिन (पि.आइ.एन.) को कुनै क्षती नोक्सानी वा चोरी भएको लिखित सूचना संस्थाले प्राप्त नगरेमा कार्ड वा पिन (पि.आइ.एन.)को जोसुकैले अनाधिकृत प्रयोगबाट उत्पन्न कुनै नोक्सानी र क्षतीको लागि संस्थालाई क्षतीपूर्ती तिर्न सदस्यले मञ्जुरी व्यक्त गर्दछ ।

१२) कार्ड सेवासंग सम्बन्धित सेवा शुल्क तथा अन्य दस्तुरहरु संस्थाले निर्धारण गरेको Standard Tariff of Charges बमोजिम सदस्यले भुक्तानी गर्नु पर्नेछ र शुल्क तथा अन्य दस्तुरहरुको जानकारी संस्थाले संस्थाको आधिकारिक वेबसाइट (www.nawakantipur.com.np) मा प्राप्त गर्न सकिनेछ ।

१३) सेवा शुल्क तथा अन्य सम्बन्धित शुल्कहरु लगाउने तथा सोको समय समयमा परिमार्जन गर्न अधिकार संस्थालाई हुनेछ र सेवा प्रयोगलाई सदस्यले निरन्तरता दिएमा सेवा प्रयोग वापत लागेको सेवा शुल्क र अन्य सम्बन्धित शुल्कहरुलाई सदस्यद्वारा स्विकृत भएको मानिनेछ ।

१४) सेवा प्रयोग वापत लाग्ने सेवा शुल्क तथा अन्य दस्तुर वाहेक नेटवर्क सर्भिस प्रोभाइडरहरु, भुक्तानी योग्य कम्पनी/संस्थान र/वा अन्य कुनै तेस्रो पक्ष मध्ये कुनै एकले एटिएम/डेबिट कार्ड प्रयोग गरे वापत थप शुल्क लगाएमा सो थप शुल्कहरु प्रति सदस्य थप जिम्मेवार हुनेछ ।

१५) कार्डको हकमा सवै अधिकार वा विशेषाधिकारहरुमा संस्थाको आफ्नो मात्र स्वेछिक निर्णय गर्ने अधिकार रहनेछ र कुनै पनि समयमा कार्डमा दिइएको अधिकार फिर्ता लिने अधिकार संस्थामा निहित रहनेछ । यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै एटिएम वा कार्डको दुरुपयोग तथा मेशिनमा रकम अभावको कारणबाट वा अन्य कारणबाट समेत जनुसुकै तवरले वा जेसुकै कारणले कुनै क्षती वा नोक्सानी वा खर्चहरु भएमा सोका लागि संस्था जिम्मेवार हुने छैन ।

१६) कार्डधारकले लिखित रुपमा अनुरोध गरेमा कार्डको अवधि समाप्त पश्चात संस्थाले नविकरण वापत लाग्ने दस्तुरहरु सदस्यको खाताबाट डेबिट/खर्च गरि नयाँ कार्ड स्वत उपलब्ध गराउने छ । अन्यथा कार्डधारकले संस्था समक्ष कार्ड नविकरणको लागि निवेदन दिनु पर्नेछ । यदि अवधि समाप्त भएका कार्डहरु नविकरण गर्न संस्थालाई उपयुक्त लागेको खण्डमा निवेदन प्राप्त भए पश्चात नविकरण वापत लाग्ने दस्तुरहरु सदस्यको खाताबाट डेबिट/खर्च गरि पुनः नविकरण गर्न सक्नेछ ।

१७) यदि सदस्यद्वारा कुनै शंकास्पद कारोवार गरेको पाइएमा संस्थाले कुनै पनि समयमा कार्ड रोक्का/निलम्बन गर्न सक्नेछ । सदस्यले कार्डको प्रयोग सम्पति शुद्धिकरण निवारण ऐन, तथा नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट जारी निर्देशन विरुद्ध हुने कार्यमा गर्न पाइने छैन । यस निर्देशनहरु उल्लंघन जुनसुकै तरीकाबाट गरेमा प्रचलित कानुन बमोजिम कारवाहीको भागी हुनुपर्नेछ ।

१८) संस्थाले तलका अवस्थामा वाहेक सदस्यको व्यक्तिगत विवरण तथा खाताको जनकारीहरु गोप्य राख्ने व्यहोरा सदस्यले मञ्जुर गर्दछ :

- ➢ प्रचलित कानून, सरकार तथा सम्बन्धित निकाय र नियमन निकायलाई सदस्यको व्यक्तिगत तथा खाताको विवरण उपलब्ध गराउन आवश्यक भएमा ।
- ➢ जालसाझी तथा धोखाधडीलाई रोक्नका लागि जानकारी गराउनु पर्ने भएमा ।
- ➢ सेवा उपलब्ध गराउने उद्देश्यका लागि संस्थाको निर्णय बमोजिम सेवा प्रदायकलाई कुनै जानकारी गराउनु पर्ने भएमा ।
- ➢ सम्बन्धित सुचना तथा जानकारीहरु प्रचलित कानून बमोजिम आधिकारिक संस्थालाई उपलब्ध गराउनु पर्ने भएमा ।

१९) यदि सदस्यको निर्देशनहरु भन्दा भिन्न रुपमा संस्थाले कार्य गरेको लागेमा वा थाहा पाएमा सोको ३० दिन भित्र सदस्यले संस्थालाई जानकारी गराउनु पर्नेछ अन्यथा संस्थाले गरेको कार्यलाई सदस्यद्वारा स्विकार गरिएको मानिनेछ ।

२०) कार्ड सेवासँग सम्बन्धित कुनै गुनासो तथा समस्याहरु सदस्यले संस्थाको सदस्य सेवा विभागमा रहने कर्मचारीलाई जानकारी गराउनु पर्नेछ ।

२१) यदि सदस्यको खाता निष्कृय भएको अवस्थामा खाता स्वचालित गर्न सदस्यले निवेदन नदिएसम्मका लागि कार्डबाट हुने कारोवार निष्कृय हुनेछ ।

२२) संस्थाले यो शर्त र अवस्थाहरुमा सदस्यलाई सूचना दिई वा नदिई कुनै बखत वा समय/समयमा संशोधन गर्न र अतिरिक्त/थप गरि लागू गर्न सक्नेछ सो पश्चात यदि सदस्यले सेवाको प्रयोग निरन्तरता कायम राख्दछ भने शर्त र अवस्था पालना गर्न सदस्य वाध्यात्मक हुनेछ ।

२३) संयुक्त खाताको सम्बन्धमा यी शर्त तथा अवस्थाहरुको सन्दर्भले सदस्य भन्नाले सम्पूर्ण खातावालाहरुको सवै र प्रत्येकको खाता मानिनेछ र सेवाको प्रयोगद्वारा प्राप्त कारोवार/सम्बन्धहरुमा सदस्य संयुक्त वा भिन्न रुपमा यी शर्त र अवस्था प्रति जिम्मेवार हुनेछन् ।

२४) यदी आदेश गरिएको कार्ड ६० दिन भित्र कार्ड बुझी नलिएमा उक्त कार्ड रद्द गरी संस्थाको नियम बमोजिम लाग्ने दस्तुर असुल उपर गरिनेछ ।

२५) सेवासँग सम्बन्धित जानकारीहरु जस्तै निबेदन फारम, कारोवार समय, कारोवार संचालन विधि संस्थाले आफ्नो आधिकारिक वेबसाइट (www.nawakantipur.com.np) मा उपलब्ध गराउनेछ ।

२६) लागू हुने कानून:- सेवाको सम्बन्धमा सेवामा उठेका कुनै विवाद र भिन्न मतभेदहरु यी शर्त तथा अवस्थाहरु र प्रचलित नेपाल कानूनको अधिनमा हुनेछ ।

मैले/हामीले माथीका शर्त तथा अवस्थाहरु पढी/बुझी दस्तखत गरी मेरो/हाम्रो मञ्जुर/स्विकृत भएको व्यहोरा यसैद्वारा व्यक्त गर्दछु/छौं ।

नाम :

सही :

मिति :